# मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड

MAILUNG KHOLA JAL VIDHYUT COMPANY LIMITED

का.म.न.पा. वडा नं. १, काठमाण्डौ

(कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनको निमित्त प्रकाशित)

## आठौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्यूट)

यस मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेडको मिति २०७८ साल पौष ३० गते शुक्रबारका दिन लैनचौर बैङक्वेट्स, लैनचौर काठमाण्डौमा सम्पन्न आठौं वार्षिक साधारण सभाबाट पारित देहाय बमोजिमका निर्णयहरु सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारिको लागि प्रकाशित गरिएको छ ।

सभामा शेयरधनीहरूको स्वयम, प्रतिनिधिपत्र तथा विद्युतिय माध्यम मार्फत उपस्थित भई सभाकोलागि गणपुरक संख्या पुगेको व्यहोरा साधारण सभामा जानकारी गराईयो ।

सभामा उपस्थित हुनु भएको कम्पनी सञ्चालक सदस्य श्री गोरे शेर्पाज्यूले यस साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु तथा भर्चुअल माध्यमबाट समेत सहभागी हुनु भएका शेयरधनी महानुभावहरु लगायत उपस्थित सबैलाई स्वागत अभिवादन गर्दै कम्पनीको काम कारवाही तथा कम्पनीको भावी योजनाको सम्बन्धमा छोटकरीमा प्रकाश पार्दै आठौं वार्षिक साधारण सभाको सफलताको लागि देखाउनु भएको अभिरुची सराहनीय भएको भन्दै स्वागत मन्तव्य दिनु भएको थियो ।

**सभाबाट भएका निर्णयहरु:**

निर्णायार्थ आठौं वार्षिक साधरण सभा समक्ष पेश भएका प्रस्तावहरु सभाबाट निम्न बमोजिम पारित गरियो :

**क) साधारण प्रस्ताव उपर छलफल तथा निर्णयहरु :**

१. अध्यक्षज्यूको मन्तव्य तथा आठौं वार्षिक साधारण सभाकोलागि सञ्चालक समितिको तर्फबाट आ.ब. २०७७/०७८ को प्रतिवेदन अनुमोदनकालागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गर्‍यो ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०७८ साल आषाढ मसान्तको वासलात, २०७७ श्रावण १ गते देखि २०७८ साल आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचिहरु पारित गरियोस भनी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ. व. २०७८/०७९ को लागि लेखापरिक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस भनि सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले कम्पनीको लेखा परीक्षकमा श्री जे.वि.आर.एच.एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्ती गर्ने र पारिश्रमिकको हकमा रु.७०,०००/- (अक्षरेपी सत्तरी हजार मात्र) (मूल्य अभिवृद्धि कर बाहेक) निर्धारण गर्ने निर्णय पारीत गर्‍यो ।

४. कम्पनी ऐन तथा यस कम्पनीको नियमावली बमोजिम कम्पनीका सर्वसाधारण शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्दै ४(चार) वर्षको कार्यकालका लागि २(दुई) जना सञ्चालकहरु निर्वाचित भएसँगै कम्पनीको ७ (सात) सदस्यीय सञ्चालक समितिले पुर्णता पाएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री बद्री बिशाल घिमिरेले सभा समक्ष घोषणा गर्नु भएको थियो ।

तपशिल

**सर्वसाधारण शेयरधनीहरुका तर्फबाट निर्वाचित सञ्चालकको विवरण**

| क्र.स. | नाम, थर र ठेगाना | शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|
| १. | श्री सुनिल कुमार पोखेल<br>बालकोट, सुर्यविनायक -२<br>भक्तपुर । | Ph. D. in Int'l Conflict Management<br>Master in Coexistence and Conflict<br>Master in Development Studies<br>Post Graduate in Geographical Information System<br>Bachelor's Degree in Civil Engineering | विभिन्न क्षेत्रमा - Recruitment Expert, Sr. Research Consultant, Policy Making Body in Government Committee, Consultant, Advisor तथा Teaching मा तीस वर्षको कार्य अनुभव रहेको । |
| २. | श्री रघुनाथ कुँईकेल<br>कागेश्वरी मनहरा-५,<br>डाँछी, काठमाडौं । | BBS in Management | बीस वर्ष कार्यालय प्रबन्ध तथा लेखा सम्बन्धि कार्य अनुभव रहेको । |

(साधारण सभाको विस्तृत विवरण यस कम्पनीको Website: www.mailungkhola.com मा हेर्न तथा Download गर्न सकिनेछ ।)